गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७६/४/३

## कैलारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## हसुलिया, कैलाली

# कैलारी समपुरक कोष सञ्चालन कार्यविधि २०७६

**प्रस्तावना :**

कैलारी गाउपालिका भित्र लक्षित समुदायको आर्थिक, सामाजिक तथा विकासात्मक कार्यक्रम सञ्चालनका माध्यमबाट सामाजिक न्याय र समानता कायम गरी सामाजिक समावेशीकरण गर्दै कैलारी गाउँपालिकाको समग्र विकासमा सरकारी तथा गैह्रसरकारी संघ संस्थाहरुसँगको सहकार्यमा कार्यक्रमहरु संचालन गर्न तथा व्यवस्थित गर्नका लागि कैलारी गाउँपालिकाको समपुरक कोष संचालन कार्यबिधि बान्छीनीय भएकोले कैलारी गाउँपालिकाले कैलारी समपुरक कोष संचालन गर्न नेपालको संबिधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ तथा स्थानीय तहको कानून निमार्ण प्रकृया ऐन, २०७५ को दफा ३ को २ बमोजिम यो कार्यबिधि बनाई लागु गरेकोछ ।

## १) संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम “कैलारी गाउपालिका समपुरक कोष सञ्चालन कार्यविधि,२०७६” रहनेछ ।
(ख) यो कार्यविधि कैलारी गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत/पारित भएका मिति देखी लागु हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) गाउपालिका भन्नाले कैलारी गाउपालिकालाई सम्झनु पर्नेछ ।
(ख) अध्यक्ष भन्नाले कैलारी गाउपालिकाका अध्यक्षलाई सम्झनु पर्नेछ।
(ग) उपाध्यक्ष भन्नाले कैलारी गाउपालिकाका उपाध्यक्षलाई सम्झनु पर्नेछ।
(घ) वडा अध्यक्ष भन्नाले कैलारी गाउँपालिकाका वडा अध्यक्षलाई सम्झनु पर्नेछ ।
(ङ) समपुरक कोष भन्नाले कैलारी गाउँपालिकाको गाउँसभा अधिबेशनबाट समपुरक कोषका लागि बिनियोजित रकमका साथै अन्य निकायबाट यस कोषमा उपलब्ध गराएको रकमलाई समेत जनाउछ ।

## ३. समपुरक कोषबाट कार्यान्वयन गरिने कार्यक्रमहरु :

(१) कैलारी गाउँपालिकाले यस कोषबाट विभिन्न निकायहरुसँगको समन्वय, सहकार्य तथा साझेदारीमा तपशिल बमोजिमका योजनाहरु कार्यान्वयन गर्न तथा कार्यान्वयन गर्न अनुदान समेत प्रदान गर्न सक्नेछ
(क) स्थानीय ग्रामिण वा कृषि सडक, सहरी सडकसँग सम्बन्धित आयोजना वा कार्यक्रम,
(ख) नविनतम प्रबिधिको प्रयोग गरी कार्यान्वयन गरिने सिचाई आयोजना वा कार्यक्रम,
(ग) बिद्युत सेवाबाट बञ्चित रहेका तथा राष्ट्रिय प्रसारण लाईनको पँहुच नभएको क्षेत्रमा बिद्युत सेवा उपलब्ध गराउने उद्धेश्यले कार्यान्वयन हुने बिद्युत उत्पादन तथा प्रसारण योजना वा कार्यक्रम,
(घ) स्थानीय स्तरका सामुदायिक क्याम्पस, प्राबिधिक बिद्यालय तथा अन्य बिद्यालय भवन निमार्ण जस्ता शैक्षिक पूर्वाधार निमार्ण सम्बन्धि योजना वा कार्यक्रम,
(ङ) पुलपुलेसा तथा झोलुगे पुल नभएका कारणबाट आवागमनमा कठिनाई व्यहोरिरहेका क्षेत्र वा समुदायमा सहज आवागमन सुबिधा पुरयाउनका लागि संचालन गरिने पुल तथा झोलुगे पुल सम्बन्धि आयोजना वा कार्यक्रम,
(च) पर्यटन, खेलकुद सम्बन्धि पूर्वाधार विकासका क्षेत्रमा लगानी प्रवर्द्धन हुने सम्भावना देखिएका क्षेत्र,
(छ) स्वास्थ्य चौकी, अस्पताल वा सोसँग सम्बन्धित आवश्यक पूर्वाधार निमार्णका योजना वा कार्यक्रम
(ज) कृषि उपज भण्डार तथा संकलन केन्द्र,
(झ) बैकल्पिक तथा सौर्य उर्जा उत्पादन तथा व्यवस्थापनसँग सम्बन्धित योजना वा कार्यक्रम,
(ञ) नविन प्रबिधिको प्रयोग गरी फोहरमैलाको प्रसोधन र व्यवस्थापन गर्ने योजना वा कार्यक्रम,
(ट) वन तथा वातावरणको संरक्षण सम्बन्धि योजना तथा कार्यक्रम,

(ठ) स्थानीय स्तरमा रोजगार तथा सचेतना अभिबृद्धि गर्ने, क्षमता विकास गर्ने तालिम, अभिमुखीकरण जस्ता कार्यक्रम,

(४) उपदफा (१) बमोजिमका कार्यक्रमहरु समपुरक कोषबाट संचालन गर्दा जनसंख्या, क्षेत्रफल, मानव विकास सुचाङकको अवश्था, आर्थिक पछौटेपन लगायतका बिषयलाई समेत आधार मानी संचालन गर्नु पर्नेछ ।

## ४ समपुरक कोषबाट संचालन हुने कार्यक्रमको छनौटः

(१) दफा (३) बमोजिम समपुरक कोष अनुदानबाट संचालन हुने आयोजनाहरुको छनौट तथा साझेदारीमा कार्यान्वयनका माग भई आएमा सो सम्बन्धमा आवश्यक छलफल तथा निर्णय गर्नका लागि तपशिल बमोजिमको कार्यक्रम वा योजना छनौट तथा सहजिकरण समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - संयोजक |
| गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| प्रमुख प्रमुख प्रशासकिय अधिकृत | - सदस्य |
| प्राबिधिक शाखा प्रमुख | - सदस्य |
| लेखा शाखा प्रमुख | - सदस्य |
| बिषयगत समितिका संयोजकहरु | - सदस्य |
| कार्यपालिका सदस्य मध्येबाट १ महिला सहित २ जना | - सदस्य |
| योजना शाखा प्रमुख | - सदस्य सचिव |

**(२) समितिले देहायका आधारमा योजनाहरुको छनौट गर्नु पर्दछ :**

(क) योजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन, कुल लागत अनुमान, योजना कार्यान्वयन पश्चात प्राप्त हुने प्रतिफल,

(ख) योजना वा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता,

(ग) गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रसँग सम्बन्धित योजना वा कार्यक्रम,

(घ) गाउँपालिकाको आधारभुत पूर्वाधार विकाससँग सम्बन्धित योजना वा कार्यक्रम,

(ङ) जनताको आयस्तर बृद्धि गरी गरीवी निवारणमा योगदान पुग्ने योजना वा कार्यक्रम,

(च) रोजगारी बृद्धि गर्ने योजना वा कार्यक्रम,

(छ) निजि क्षेत्रसँगको सहकार्यमा कार्यान्वयन गरिने दिगो र भरपर्दो योजना वा कार्यक्रम,

(ज) स्थानीय सीप, साधन र श्रोतको अधिकतम उपयोग हुने योजना वा कार्यक्रम,

(३) समितिले योजना वा कार्यक्रम छनौट गर्दा उपदफा (२) मा उल्लेख गरिएको अत्तरिक्त गाउँपालिकाको जनसंखया, कार्यक्रम प्रस्तावित क्षेत्र, मानव विकास सूचाक र सो क्षेत्रको पूर्वाधार विकासको अवश्था समेतको आधारमा योजना वा कार्यक्रम छनौट गर्नु पर्नेछ ।

(४) समितिले समपुरक कोषबाट संचालन गरिने योजनाहरु स्थानीय तहको योजना तर्जुमा प्रकृयाबाट छनौट भएका योजनाहरुबाट छनौट गर्नु पर्नेछ । अन्य निकायसँगको सहकार्यमा यस कोषबाट संचालन गरिने योजनाहरु स्थानीय आवश्यकताका आधारमा छनौट तथा कार्यान्वयन गर्न समेत सकिनेछ ।

### (५) समपुरक कोषको कार्यान्वयन :

(१) दफा (४) बमोजिम समितिले छनौट गरेका योजना वा कार्यक्रमको कार्यान्वयनका लागि यस्तो योजना वा कार्यक्रमको कुल लागत, योजनाको प्रकृती, योजना कार्यान्वयन गर्नुपर्ने आवश्यकता, प्राथमिकता, योजनाबाट हुने उपलब्धी, योजनाको दिगोपना समेतका आधारमा समपुरक कोषबाट योजना कार्यान्वयन गर्न सकिनेछ ।

(२) समपुरक कोषबाट अन्य निकायसँगको साझेदारीमा कार्यान्वयन गरिने योजना तथा कार्यक्रमको हकमा दुई पक्षिय सम्झौताका आधारमा गाउँपालिका तथा सम्बन्धित साझेदारको खातामा किस्ता बन्दी वा एकमुष्ठ रकम निकाशा गरी योजना कार्यान्वयन गर्न यस कार्यबिधिले बाधा पर्नेछैन ।
(३) साझेदार संस्थाले गाउँपालिकासँगको साझेदारीमा कार्यान्वयन गरिने योजना वा कार्यक्रमका लागि गाउँपालिकाले सम्झौता अनुसार सोधभर्नाका रुपमा समेत उपलब्ध गराउन सक्नेछ ।
(४) साझेदार संस्थाले गाउँपालिकासँगको सहकार्यमा संचालन गर्ने योजना वा कार्यक्रमको कार्यान्वयन पश्चात सम्बन्धित साझेदार संस्थाले गाउँपालिकामा आवश्यक बिल भपाई तथा प्रतिवेदन समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
(५) समपुरक कोषबाट संचालन गरीने योजनामा विनियोजित रकम अपुग हुन गएमा गाउँकार्यपालिकाको बैंठकबाट रकम थप गर्न सकिनेछ ।
(६) समपुरक कोषका लागि विनियोजित रकम खर्च नहुन सकेमा सो रकम गाउँकार्यपालिकाको बैंठकको निर्णय अनुसार रकमान्तर गर्न सकिनेछ ।

## (६) समपुरक कोषको रकमबाट कार्यान्वयन गर्न नसकिने योजना वा कार्यक्रम :

(क) राजनितिक दल बिशेष तथा धार्मिक उद्धेश्य परिपुर्ति हुने प्रकृतिका योजना वा कार्यक्रम,
(ख) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च भुक्तानीका योजना वा कार्यक्रम,
(ग) सीमित वर्ग, व्यक्तिगत तथा पारिवारीक रुपमा मात्र फाईदा पुग्ने प्रकृतिका योजना वा कार्यक्रम,
(घ) धार्मिक, साँस्कृतिक तथा सामाजिक सदभावमा खलल पुग्ने योजना वा कार्यक्रम
(ङ) वातावरणमा प्रतिकूल प्रभाव पार्ने प्रकृतिका योजना वा कार्यक्रम
(च) न्यून लागत भएका योजना वा कार्यक्रम

## (७) समपुरक कोषको रकम खर्च प्रकृया :

(क) समपुरक कोषको रकम गाउँसभा अधिबेशनबाट विनियोजित भएको हुनु पर्नेछ । साथै समपुरक कोषबाट कार्यान्वयन गरिने योजना तथा कार्यक्रमहरु समेत स्थानीय तहको योजना तर्जुमा प्रकृया अर्न्तगत छनौट भएका हुनु पर्नेछ ।
(ख) समपुरक कोषको रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई सार्वजनिक खरिद सम्बन्धि प्रचलित कानूनको अधिनमा रही मितव्ययी तथा पारदर्शि किसिमले गर्नु पर्नेछ ।
(ग) यस कोषबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरिक्षण गराउनु पर्नेछ ।

## (८) विविध

(क) यस कार्यविधिमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुनबमोजिम हुनेछन् ।
(ख) कार्यक्रम तर्जुमा, कार्यान्वयन तगायत जुनसुकै चरणमा आवश्यकता अनुसार विज्ञ आमन्त्रण गर्न सकिनेछ ।

## (९) संसोधन तथा परिमार्जन

(क) गाँउ कार्यपालिकाको निर्णयबाट यस कार्यविधिलाई आवश्यक संसोधन तथा परिमार्जन गर्न सकिनेछ

*समाप्त*